# २. मृतकार्यबाट पश्चाताप

क. मुख्य पदहरु

| | |
|---|---|
| हिब्रु ६:१ | यूहन्ना १६:१३-१५ |
| यूहन्ना १४:२३-२४ | एफिसी २:१० |

ख. परिचय

पापीलाई भएको पहिलो बोलावट हो, "पापबाट पश्चाताप गर." नयाँ जन्म पाएका क्रिश्चियनहरुलाई भएको पहिलो बोलावट चाहिं "मृतकार्यबाट पश्चाताप गर."

ग. पश्चाताप

पश्चाताप के हो भन्ने कुराको हामी सम्भना गरौं. पश्चातापलाई मनको परिवर्तन वा कार्यपद्धतिमा बदलाव ल्याउने प्रवृत्ति भनेर परिभाषित गर्न सकिन्छ (२इतिहास ७:१४).

चार्ल्स फिन्नीले भनेका थिए, *"परमेश्वरसितका सारा बौद्धिक र हृदयका विरोधाभासका प्रत्येक बिन्दुलाई त्याग्न लगाएको कुरा पश्चातापबाट थाहा हुन्छ. परमेश्वर सबै कुरामा सही हुनुहुन्छ र पापी सबै कुरामा गलत छ, पापको त्याग र सबै किसिमका बहानाहरुका निम्ति हृदयदेखि नै क्षमा माग्ने कुरालाई पश्चातापले संकेत गर्दछ."*

हाम्रो जीवनमा अस्थीर जगहरुलाई परमेश्वरको जगद्वारा प्रतिष्ठापन हुनदिनु पश्चाताप हो. यो नकारात्मक कुरा होइन तर आफैंमा यो बास्तविक जग हो. परमेश्वरको परिपक्वतामा बढन र आशिषहरु प्राप्त गर्न यो आवश्यक छ. बास्तवमा यदि पश्चातापको जग नबसालिएको मानिसहरुले परमेश्वरको आशिष पाए भने त्यस आशिषबाट तिनीहरु पछि हटन सक्ने बलियो सम्भावना छ.

## घ. सही पश्चाताप के हो ?

पश्चाताप भनेको सत्यको मानसिक स्वीकारोक्ति वा केवल संसारिक दु:ख प्रदर्शन मात्र होइन तर यसमा निम्न तथ्यहरु समावेश छन:

१. पापको निम्ति इश्वरीय क्लेश
   सही पश्चाताप आफैमा दु:ख अनुभव गर्नु मात्रै होइन न त अर्को व्यक्तिप्रति दु:ख जनाउनु नै हो. सबैभन्दा पहिला त यो परमेश्वरतर्फ इंगित भएको दु:ख प्रदर्शन हो. पापलाई परमेश्वरले जसरी हेर्नुभएको छ हामीले पनि पापलाई त्यसरी नै हेर्नु हो (भजन ३८, २कोरिन्थी ७:१०).
२. पापको स्वीकारोक्ति (भजन ३२:५; १यूहन्ना १:९)
३. पापलाई त्याग्ने इच्छा (हितोपदेश २८:१३)
४. पापलाई घृणा गर्नु (इजकिएल २०:४३-४४)
५. पश्चातापमा पुनर्स्थापना पनि समावेश छ (लूका १९:८; लेवी ६:१-७).
   पश्चाताप केवल एकचोटी मात्र सम्पन्न गरिने काम होइन तर परमेश्वरसितको सम्बन्धको निरन्तरतामा उहाँप्रतिको हाम्रो हृदयको सही मनोबृत्ति हो.

## ङ. मृत कामहरु

परमेश्वरबाट शुरु नभएका कुनैपनि कामहरु मृतकार्यहरु हुन. "मृत" को अर्थ हुन्छ "जीवन रहित." मृतकार्यमा परमेश्वरको जीवन हुदैन. यो कार्यलाई परमेश्वरबाट सामर्थ्य प्राप्त भएको हुदैन. यो गलत समयमा गलत मनसायले गरिएको कुनैपनि काम हो (सही मनसायबाट गरिएका सबै कामहरुले परमेश्वरको महिमा गर्दछन्). यो कुनैपनि असल विचारद्वारा शुरु गरिएको तर काम नलाग्ने हुन्छ.

मृतकार्यका दुई तह छन:

१. *हामी परिबर्तन हुनअघि हामीले गरेका सबै कामहरु*
   यसमा शरीरका कामहरु अथवा पापहरु पनि समावेश छन् (गलाती ५:१९-२१) अनि शैतानका कामहरु पनि (१यूहन्ना ३:८). परमेश्वरको प्रशंसा पाउनको निम्ति मण्डलीको सेबामा हाजिर जनाउने तथा चलनचल्तिका रीतिरिवाज र क्रियाकर्म गर्नुपनि यसमा सामेल छ. परमेश्वरले हामीलाई केवल येशू ख्रीष्टले पूरा गर्नुभएको कामका आधारमा स्वीकार गर्नुहुन्छ. उहाँको कामले मात्र हामीलाई धर्मी ठहऱ्याउंछ (एफिसी २:८-९; २तिमोथी १:९; तीतस ३:५). हाम्रो उद्धारकर्ताले समाप्त गर्नुभएको कामलाई हामीले

स्वीकारिसकेपछि मृतकार्यबाट हाम्रो विवेक शुद्ध हुन्छ. यसरी हामी जीवित परमेश्वरको सेवा गर्न सक्नेछौं (हिब्रु ९:१४).

२. *परमेश्वरप्रति हाम्रो सेवकाईमा मृतकार्य बेमतलबको हुन्छ*

धर्मशास्त्रबाट प्राप्त उदाहरण

- सार्डिसको मण्डली जीवित मानिएको तर वास्तवमा मुर्दातुल्य थियो (प्रकाश ३:१-२).
- दाऊदले योद्धाहरुको गन्ती गर्छ र नतीजामा ७०,००० मर्छन. उसले गलत कुरामा भरोसा राख्छ (२ सामूएल २४:१०).
- मोशाद्वारा मिश्रीको हत्या, कुठाउँको जोश (प्रस्थान २:११-१२).

मृतकार्य नगर्नुहुने येशूको उदाहरणलाई हामीले पछ्याउनुपर्छ. उहाँ आफैंले केहीपनि गर्नुभएन तर त्यही काम गर्नुभयो जुन पिताले उहाँलाई देखाउनु भएको थियो (यूहन्ना ५:१९, ३०; यूहन्ना ७:१६; यूहन्ना ८:२८; यूहन्ना १४:१०).

हामी येशूको चेलाले मृतकार्य गर्न कुनै बहाना बनाउन सक्दैनौ. येशूले भन्नुभएको थियो, "म पितासँग भन्नेछु उहाँले तिमीहरुलाई अर्को सल्लाहकार, सत्यको आत्मा पठाउनुहुनेछ जो तिमीहरुसित सदाकाल रहनुहुनेछ (यूहन्ना १४:१६). हामी येशूको चेला भएपछि सत्यको आत्मा हामीभित्र बास गर्न आउनुहुनेछ. र उहाँले प्रतिज्ञा गर्नुभएको छ, "जब उहाँ, अर्थात सत्यका आत्मा आउनुहुनेछ, तब उहाँले तिमीहरुलाई सबै सत्यतामा डोऱ्याउनुहुनेछ. उहाँ आफ्नोतर्फबाट बोल्नुहुनेछैन. उहाँले जे सुन्नहुन्छ, त्यही बोल्नुहुनेछ, र हुन आउने कुराहरु तिमीहरुलाई घोषणा गरिदिनुहुनेछ. उहाँले मेरो महिमा गर्नुहुनेछ, किनभने जे मेरो हो, त्यो मबाट लिएर तिमीहरुलाई सो घोषणा गरीदिनुहुनेछ" (यूहन्ना १६:१३-१४).

धेरै क्रिश्चियनहरु आत्मिक केटाकेटी नै बनिरहन रुचाउंछन किनभने तिनीहरु दिन भन्दा लिन मन पराउंछन. प्रभुमा पर्खेर उहाँको बचन र प्रार्थनामा के गर्नुपर्ने हो सो जानेर आफ्नो जीवनलाई अनुशासनमा राख्न तिनीहरु चाहदैनन्. धेरैले परमेश्वरको आवाजलाई सुन्लान पनि तर तिनीहरु सुने अनुसार विश्वासमा पाइला चाल्न अनिच्छुक छन् (रोमी १०:१७). परमेश्वर उहाँमा परिपक्व हुनेहरुको खोजी गरिरहनुभएको छ. उहाँले आत्मिक पिता-माताहरु चाहनु भएको छ जो आज्ञाकारिता, विश्वास

र धार्मिकतामा तिनीहरुको अरुले नक्कल गर्न सकून (१कोरिन्थी ४:१५-१६). घस्रन सक्नुभन्दा अगाडि दौडन सक्ने हामीबाट परमेश्वर आशा राख्नुहुन्न. उहाँले हामीलाई जान्नुहन्छ र प्रेम गर्नुहुन्छ. त्यसकारण हामीले गर्नसक्ने काममा हामीलाई लगाउनुहुन्छ. हामीले आफ्नो सम्पूर्ण जीवन हाम्रो प्रेमिलो स्वर्गीय पितामा सुम्पनुपर्छ र उहाँमा भरोसा गर्नुपर्छ. उहाँले हामीलाई उहाँको निम्ति केही गर्न भन्नुभएमा त्यसका निम्ति आज्ञापालन गर्दै उहाँको नेतृत्व र निर्देशनको अपेक्षा राख्नुपर्छ. मृतकार्यलाई पन्छाएमा असल जग बसाउने बाटो खुल्छ. यसरी हामी परिपक्वतातर्फ अगाडि बढन सक्छौं. त्यसपछि हामी आत्मिक बाउन्ने रहिरहनेछैनौं तर कुनै पनि अवस्थामा परमेश्वरले के गर्नुहुन्छ सो थाहा पाउन हामी सिक्न थाल्नेछौं. योभन्दा पनि अझ ठूलो कुरा त उहाँले अऱ्हाए बमोजिमको काम हामीले गर्नेछौं. हामी काम एक्लै गर्दैनौ किनभने हाम्रा प्रत्येक पाइलामा मदत पुऱ्याउन हामीसित पवित्र आत्मा जो हुनुहुन्छ. उहाँ हाम्रो सल्लाहकारसित हामीले सम्बन्ध बढाउनुपर्छ र उहाँमा भरोसा गर्नसिक्नुपर्छ.

च. प्रश्नहरु र छलफलका बुँदाहरु

१. परमेश्वरको सेवामा के तपाईंका त्यस्ता कुनै मृतकार्य छन् जसको पश्चाताप तपाईंले गर्न बाँकी छ ?
२. के तपाईंको जीवनमा त्यस्ता कुराहरु छन् जुन कुराहरु उहाँलाई मन परेको छैन भन्ने तपाईंलाई ज्ञान पनि छ तापनि त्यसलाई तपाईंले त्याग्न सकिरहनु भएको छैन ?
३. हाम्रो जीवनको कुनै पक्षबारे हामीले पश्चाताप नगर्नाले हामीलाई परमेश्वरले देखाउनु भएको सत्यबाट हामी किन पछाडि हट्नुपर्छ ?
४. हामीले पापलाई किन घृणा गर्नुपर्छ ? छलफल गर्नुहोस्.
५. लूका १९:८ मा देखाएजस्तै जक्कैले किन गर्नुपऱ्यो ?
६. धेरै क्रिश्चियनहरु कहिल्यै दिन नसिकेर खालि लिने मात्र गर्छन् र यसरी आत्मिक केटाकेटी नै बनिरहन्छन. छलफल गर्नुहोस्.
७. येशूको त्यस्तो कुनै चेलाहरु चिन्नुहन्छ जसको तपाईंले अनुकरण गर्न सक्नुभएकोहोस् ?

छ. सारांश र प्रयोग

१. पश्चाताप भनेको हाम्रो काम र विचारहरुबाट फनक्क फर्किनु हो.
२. धेरै कुरालाई हानीले पनि परमेश्वरकै दृष्टिकोणबाट हेर्नुपर्छ.
३. परमेश्वरले शुरु नगर्नुभएको कुनै पनि काम मृतकार्य हो त्यसैले यो जीवनशुन्य हुन्छ.
४. मृतकार्यबाट पश्चातापलाई हामीले हाम्रो जीवनको जग बनाउनुपर्छ र यसरी हामी परमेश्वरको परिपक्वतामा अगाडि बढनसक्छौं.
५. परमेश्वरको वरदान पवित्र आत्मा हामीमा वास गर्नुभएकोले येशूको चेलाको नाताले मृतकार्य गर्न हामीले कुनै वहाना पाउनेछैनौं.
६. मृतकार्य नगर्नुहुने येशूको उदाहरणलाई हामीले पछ्याउनुपर्छ किनभने स्वर्गीय पिताले उहाँलाई देखाउनुभए अनुसारकै काम उहाँले गर्नुभयो.
७. परमेश्वर हामीलाई आत्मिक केटाकेटी होइन तर येशूका परिपक्व चेलाहरु भएको हेर्न चाहनुहुन्छ.